# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८

प्रमाणीकरण र प्रकाशन मिति

२०६८।७।३

संशोधन गर्ने ऐन

| | | |
|---|---|---|
| १. | केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७२ | २०७२।११।१३ |
| २. | नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ | २०७५।११।१९ |
| ३. | स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३ | २०८३।०३।२५ |

## संवत २०६८ को ऐन नं. ९

## कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** पिछडिएको क्षेत्रमा सहज रुपमा स्वास्थ्य सेवाको पहुँच पु¥याउन, स्वास्थ्य विज्ञानको क्षेत्रमा उच्चस्तरीय अध्ययन र अनुसन्धानको व्यवस्था गरी आवश्यक दक्ष जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना र सञ्चालन गर्ने सम्बन्धमा कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका–संसदको हैसियतमा संविधान सभाले यो ऐन बनाएको छ।

## परिच्छेद–१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०६८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "अस्पताल" भन्नाले दफा १६ बमोजिम स्थापना भएको अस्पताल सम्झनु पर्छ।

(ख) "अस्पताल व्यवस्थापन समिति" भन्नाले दफा १७ बमोजिम गठन भएको अस्पताल व्यवस्थापन समिति सम्झनु पर्छ।

(ग) "उपकुलपति" भन्नाले दफा २० बमोजिमको उपकुलपति सम्झनु पर्छ।

(घ) "कार्यकारी परिषद्" भन्नाले दफा ११ बमोजिम गठन भएको कार्यकारी परिषद् सम्झनु पर्छ।

(ङ) "कुलपति" भन्नाले दफा १८ बमोजिमको कुलपति सम्झनु पर्छ।

(च) "छनौट समिति" भन्नाले दफा १३ बमोजिम गठन भएको छनौट समिति सम्झनु पर्छ।

(छ) "डीन" भन्नाले दफा २३ बमोजिमको डीन सम्झनु पर्छ।

(ज) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(झ) "निर्देशक" भन्नाले दफा २४ बमोजिमको निर्देशक सम्झनु पर्छ।

⇒(ञ) "पिछडिएको क्षेत्र" भन्नाले हुम्ला, डोल्पा, मुगु, कालिकोट, जुम्जा, जाजरकोट, बाजुरा, बझाङ र अछाम जिल्ला सम्झनु पर्छ।

(ट) "प्रतिष्ठान" भन्नाले दफा ३ बमोजिम स्थापना भएको कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्झनु पर्छ।

(ठ) "प्राज्ञिक परिषद्" भन्नाले दफा ९ बमोजिम गठन भएको प्राज्ञिक परिषद् सम्झनु पर्छ।

(ड) "रजिष्ट्रार" भन्नाले दफा २२ बमोजिमको रजिष्ट्रार सम्झनु पर्छ।

(ढ) "शिक्षक" भन्नाले प्रतिष्ठानमा अध्यापन तथा अनुसन्धान गर्न नियुक्त भएको व्यक्ति सम्झनु पर्छ।

(ण) "शिक्षाध्यक्ष" भन्नाले दफा २१ बमोजिमको शिक्षाध्यक्ष सम्झनु पर्छ।

(त) "शैक्षिक संस्था" भन्नाले दफा १५ बमोजिम स्थापना भएको शैक्षिक संस्था सम्झनु पर्छ।

(थ) "सभा" भन्नाले दफा ७ बमोजिम गठन भएको सभा सम्झनु पर्छ।

(द) "सहकुलपति" भन्नाले दफा १९ बमोजिमको सहकुलपति सम्झनु पर्छ।

## परिच्छेद–२

## प्रतिष्ठानको स्थापना, स्वरुप तथा काम, कर्तव्य र अधिकार

---

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।



नेपाल कानून आयोग

३. **प्रतिष्ठानको स्थापना** : (१) पिछडिएको क्षेत्रमा सहज रुपमा स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने काम समेतको लागि कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानको स्थापना गरिएको छ।

(२) प्रतिष्ठानको मुख्य कार्यालय जुम्लामा रहनेछ।

(३) प्रतिष्ठानलाई अंग्रेजी भाषामा कर्णाली एकेडेमी अफ हेल्थ साइन्सेज भनिनेछ।

४. **प्रतिष्ठान स्वशासित संस्था हुने** : (१) प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ।

(२) प्रतिष्ठानको सबै काम कारबाहीका लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रतिष्ठानउपर पनि सोही नामबाट नालिस उजुर लाग्न सक्नेछ।

(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न, करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

५. **प्रतिष्ठानको स्वरुप** : प्रतिष्ठानमा देहाय बमोजिमका सङ्गठनहरू रहनेछन् र तिनीहरूको सामूहिक रुप नै प्रतिष्ठानको स्वरुप हुनेछ :–

(क) सभा,

(ख) प्राज्ञिक परिषद्,

(ग) कार्यकारी परिषद्,

(घ) छनौट समिति,

(ङ) विद्या परिषद्,

(च) सङ्काय,

(छ) अनुसन्धान केन्द्र,

(ज) शैक्षिक संस्था,

(झ) अस्पताल,

(ञ) तोकिए बमोजिमका अन्य निकाय।

६. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकार** : (१) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) पिछडिएको क्षेत्रमा स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धान गर्ने,

(ख) गुणस्तरीय तथा सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउने,

(ग) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा अध्ययन, अध्यापन, तालीम तथा अनुसन्धानात्मक कार्यक्रम सञ्चालन गर्न स्वदेशी तथा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था तथा अस्पतालसँग सम्झौता गर्ने,

(घ) गुणस्तरीय स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन गर्ने,

(ङ) प्रतिष्ठानद्वारा सञ्चालन गरिने विभिन्न कार्यक्रमहरूलाई सुदृढ तुल्याउन र त्यस्ता कार्यक्रमको गुणस्तर अभिवृद्धि गर्न स्वदेशी वा विदेशी विश्वविद्यालय, शैक्षिक संस्था वा अस्पतालसंग समन्वय गर्ने,

(च) स्वास्थ्यसँग सम्बन्धित स्वदेशी तथा विदेशी विश्वविद्यालय, प्रतिष्ठान र अन्तर्राष्ट्रिय संघ संस्थासँग सम्बन्ध स्थापना, विस्तार र सुदृढ गरी पारस्परिक सहयोग आदान प्रदान गर्ने,

(छ) स्वास्थ्य सम्बन्धी विभिन्न विषयमा गोष्ठी, सम्मेलन, सेमिनार, अन्तरक्रिया, स्वास्थ्य क्याम्प, अनुसन्धान आयोजना गर्ने, गराउने,

(ज) स्वास्थ्य सम्बन्धी विभिन्न पुस्तक, पर्चा, बुलेटिन, सचेतना पोष्टर प्रकाशन गर्ने, गराउने,

(झ) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

(२) प्रतिष्ठानको काम, कर्तव्य र अधिकार प्रतिष्ठानको सङ्गठन मार्फत प्रयोग र पालना हुनेछन्।

## परिच्छेद–३

## सभाको गठन तथा काम, कर्तव्य र अधिकार

७. **सभाको गठन** : (१) प्रतिष्ठानको सर्वोच्च निकायको रुपमा एक सभा रहनेछ।

(२) सभाको गठन देहाय बमोजिम हुनेछः–

(क) कुलपति – अध्यक्ष

(ख) सहकुलपति – उपाध्यक्ष

(ग) सदस्य, राष्ट्रिय योजना आयोग (स्वास्थ्य क्षेत्र हेर्ने) – सदस्य

(घ) उपकुलपति – सदस्य



नेपाल कानून आयोग

(ङ) स्वास्थ्य विज्ञान सम्बन्धी उच्च शिक्षा प्रदान गर्ने विश्वविद्यालय तथा प्रतिष्ठानका उपकुलपतिहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत दुईजना –सदस्य

(च) सचिव, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय –सदस्य

(छ) सचिव, अर्थ मन्त्रालय –सदस्य

(ज) सचिव, ⇒शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय –सदस्य

(झ) शिक्षाध्यक्ष –सदस्य

(ञ) डीनहरूमध्येबाट सभाबाट मनोनीत एकजना –सदस्य

(ट) निर्देशक –सदस्य

(ठ) ■................

(ड) शिक्षकहरूमध्येबाट प्राज्ञिक परिषद्को सिफारिसमा कार्यकारी परिषद्वाट मनोनीत कम्तीमा एकजना महिलासहित दुईजना –सदस्य

(ढ) शैक्षिक संस्थाका प्रमुखहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना –सदस्य

(ण) दलित, आदिवासी/जनजाति तथा पिछडिएका वर्गबाट प्रतिनिधित्व हुने गरी कम्तीमा दुईजना महिलासहित कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत चारजना –सदस्य

(त) चन्दादाताहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत एकजना –सदस्य

(थ) प्रतिष्ठानमा कार्यरत कर्मचारीहरूमध्येबाट सभाले मनोनयन गरेको एकजना –सदस्य

(द) पिछडिएको क्षेत्रको विकासमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्तिहरुमध्येबाट कम्तीमा एकजना

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

■ केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७२ द्वारा झिकिएको।

महिलासहित कार्यकारी परिषद्को सिफारिसमा
सभाबाट मनोनीत दुईजना –सदस्य

(ध) रजिष्ट्रार –सदस्य–सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) सभाको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

८. **सभाको काम, कर्तव्य र अधिकार** : सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) प्रतिष्ठानको नीति, योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक बजेट स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(घ) प्रतिष्ठानको तर्फबाट प्रदान गरिने छात्रवृत्ति, उपाधि, प्रमाणपत्र, पदक तथा पुरस्कार प्रदान गर्ने,

(ङ) तोकिए बमोजिम मानार्थ उपाधि प्रदान गर्ने,

(च) आफ्नो मातहतमा रहेका प्रतिष्ठानका विभिन्न निकायलाई मार्गदर्शन गर्ने तथा आवश्यक निर्देशन दिने,

(छ) राष्ट्रिय स्वास्थ्य तथा शिक्षा नीति निर्माण गर्ने क्रममा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,

(ज) प्रतिष्ठानको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने,

(झ) प्रतिष्ठानको लेखापरीक्षण प्रतिवेदनमाथि छलफल गर्ने र स्वीकृत गर्ने,

(ञ) शैक्षिक संस्थाहरूको स्थापना सम्बन्धमा आवश्यक प्रबन्ध गर्ने, गराउने,

(ट) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

## परिच्छेद–४

## प्राज्ञिक परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

९. **प्राज्ञिक परिषद्को गठन** : (१) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्ने निकायको रुपमा एक प्राज्ञिक परिषद् रहनेछ।

(२) प्राज्ञिक परिषद्को गठन देहाय बमोजिम हुनेछः–



नेपाल कानून आयोग

(क) शिक्षाध्यक्ष –अध्यक्ष

(ख) प्रतिष्ठानका विभिन्न विषयगत समितिका अध्यक्षहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत पाँचजना –सदस्य

(ग) निर्देशक –सदस्य

(घ) प्रतिष्ठानका पाठ्यक्रम तथा परीक्षा सम्बन्धी निकायका प्रमुखहरू –सदस्य

(ङ) शिक्षकहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिलासहित दुईजना –सदस्य

(च) स्वास्थ्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट कार्यकारी परिषद्को सिफारिसमा सभाबाट मनोनीत कम्तीमा एकजना महिलासहित दुईजना –सदस्य

(छ) डीनहरूमध्येबाट उपकुलपतिले मनोनयन गरेको डीन –सदस्य–सचिव

(३) उपदफा (२) बमोजिम मनोनीत सदस्यहरूको पदावधि तीन वर्षको हुनेछ।

(४) मनोनीत सदस्यको पद कुनै कारणले रिक्त हुन गएमा बाँकी अवधिको लागि सो पदमा पहिले जुन प्रक्रियाबाट पूर्ति गरिएको हो, सोही प्रक्रिया बमोजिम अर्को व्यक्तिलाई मनोनयन गरिनेछ।

(५) प्राज्ञिक परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१०. **<u>प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार</u>** : प्राज्ञिक परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) प्रतिष्ठानको शैक्षिक, प्राज्ञिक तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित एवं नियमित गर्न आवश्यक नीति, योजना तथा कार्यक्रम बनाई स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ख) स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषय र तहमा शिक्षा प्रदान गर्न अध्ययन तथा अनुसन्धान कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(ग) प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षकको योग्यता निर्धारण गर्ने,

(घ) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम र प्रशिक्षण कार्यक्रमको स्तर निर्धारण तथा पाठ्यक्रम स्वीकृत गर्ने,

(ङ) विद्यार्थी छनौट गर्ने,

(च) परीक्षाको मापदण्ड निर्धारण गर्ने,

(छ) परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने,

(ज) प्रतिष्ठानबाट सञ्चालित अध्ययन कार्यक्रममा सफल हुने विद्यार्थीलाई उपाधि प्रदान गर्न सभामा सिफारिस गर्ने,

(झ) प्रतिष्ठानको तर्रफबाट प्रदान गरिने मानार्थ उपाधि, छात्रवृत्ति, पदक र पुरस्कार प्रदान गर्न सभामा सिफारिस गर्ने,

(ञ) गुणस्तरीय पाठ्यपुस्तक तयार गर्ने,

(ट) प्रतिष्ठानबाट सञ्चालन हुने अध्ययन, अनुसन्धान, तालीम तथा प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गर्ने,

(ठ) अध्ययन, तालीम तथा अनुसन्धान बापतको शुल्क निर्धारण गर्ने,

(ड) सभाबाट स्वीकृत प्राज्ञिक परिषद्सँग सम्बन्धित निर्णय कार्यान्वयन तथा अनुगमन गर्ने,

(ढ) तोकिए बमोजिमका अन्य काम गर्ने।

## परिच्छेद–५

## कार्यकारी परिषद्को गठन तथा काम, कर्तव्य र अधिकार

**११. कार्यकारी परिषद्को गठन** : (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा काम गर्न एक कार्यकारी परिषद् रहनेछ।

(२) कार्यकारी परिषद्को गठन देहाय बमोजिम हुनेछः–

(क) उपकुलपति –अध्यक्ष

(ख) शिक्षाध्यक्ष –सदस्य

(ग) डीनहरूमध्येबाट एकजना –सदस्य

(घ) सभाका सदस्य रहेका शैक्षिक संस्थाका

प्रमुखहरूमध्येबाट एकजना –सदस्य

(ङ) निर्देशक –सदस्य

(च) शिक्षकहरूमध्येबाट एकजना –सदस्य

(छ) रजिष्ट्रार –सदस्य–सचिव

(३) उपदफा (१) को खण्ड (ग), (घ) र (च) बमोजिमका सदस्यको मनोनयन उपकुलपतिको सिफारिसमा सहकुलपतिले गर्नेछ।

(४) उपदफा (२) बमोजिम मनोनीत सदस्यको पदावधि तीन वर्षको हुनेछ।

(५) कार्यकारी परिषद्को बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

१२. **<u>कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार</u>** : कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) सभाको निर्णय तथा निर्देशन कार्यान्वयन गर्ने, गराउने,

(ख) प्रतिष्ठानको लागि आवश्यक पर्ने नियमको मस्यौदा तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(ग) प्रतिष्ठानको नीति, योजना, वार्षिक कार्यक्रम, प्रगति विवरण, वार्षिक बजेट, लेखापरीक्षण प्रतिवेदन तथा अन्य प्रस्तावहरू तयार गरी स्वीकृतिको लागि सभामा पेश गर्ने,

(घ) मातहतका निकायबाट सम्पन्न भएका काम कारबाहीको अनुगमन तथा मूल्याङ्कन गर्ने तथा आवश्यकता अनुसार त्यस्ता निकायलाई निर्देशन दिने,

(ङ) सभाको नीति निर्देशनको अधीनमा रही प्रतिष्ठानको कोष तथा चल अचल सम्पत्तिको सञ्चालन, रेखदेख र संरक्षण गर्ने, बेचबिखन गर्ने तथा ठेक्कापट्टामा दिने,

तर नेपाल सरकारबाट प्राप्त अचल सम्पत्ति बेचबिखन गर्दा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(च) छनौट समितिको सिफारिसमा प्रतिष्ठानको लागि आवश्यक पर्ने शिक्षक तथा कर्मचारी नियुक्ति तथा बढुवा गर्ने,

(छ) प्रतिष्ठानलाई प्राप्त विभिन्न किसिमका सहयोग ग्रहण गर्ने,

(ज) तोकिए बमोजिमका अन्य काम गर्ने, गराउने।

नेपाल कानून आयोग

## परिच्छेद–६

## छनौट समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**१३. छनौट समितिको गठन** : (१) प्रतिष्ठानको शिक्षक तथा कर्मचारीको नियुक्ति तथा बढुवाको लागि सिफारिस गर्न एक छनौट समिति रहनेछ।

(२) छनौट समितिमा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन्ः–

(क) स्वास्थ्य विज्ञानमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी स्वास्थ्य क्षेत्रमा दश वर्ष काम गरेका वा विशिष्ट श्रेणी वा प्राध्यापकको रुपमा रही जिम्मेवारी निर्वाह गरेका व्यक्तिहरूमध्येबाट – अध्यक्ष

(ख) शिक्षकहरूमध्येबाट एकजना – सदस्य

(ग) रजिष्ट्रार – सदस्य–सचिव

(३) उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमका अध्यक्ष र सदस्यको मनोनयन सभाले गर्नेछ।

(४) छनौट समितिको अध्यक्ष तथा मनोनीत सदस्यको पदावधि चार वर्षको हुनेछ।

(५) छनौट समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(६) छनौट समितिको अध्यक्षको पारिश्रमिक, सुविधा तथा सेवाका अन्य शर्तहरू र सदस्यको सुविधा तोकिए बमोजिम हुनेछ।

(७) छनौट समितिको बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–७

## विद्या परिषद्, शैक्षिक संस्था, अस्पताल तथा अन्य निकाय

**१४. विद्या परिषद्, सङ्काय तथा अनुसन्धान केन्द्र सम्बन्धी व्यवस्था** : (१) प्रतिष्ठानले विद्या परिषद्, सङ्काय तथा अनुसन्धान केन्द्रको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित विद्या परिषद्, सङ्काय तथा अनुसन्धान केन्द्रको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

**१५. शैक्षिक संस्थाको स्थापना तथा** सञ्चालन : (१) प्रतिष्ठानले स्वास्थ्य विज्ञान सम्बन्धी विभिन्न विषयमा अध्ययन तथा अनुसन्धान गर्ने उद्देश्यले आवश्यकता अनुसार शैक्षिक संस्थाको स्थापना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्थापित शैक्षिक संस्थाको सञ्चालन तोकिए बमोजिम हुनेछ।

**१६. <u>अस्पतालको स्थापना र सञ्चालन</u>** : (१) प्रतिष्ठानले स्वास्थ्य क्षेत्रमा उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्न र गुणस्तरीय र सुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनको लागि अस्पतालको स्थापना गर्नेछ।

(२) यो ऐन प्रारम्भ हुँदाका बखत प्रचलित कानून बमोजिम स्थापना भई सञ्चालन भइरहेको कर्णाली अञ्चल अस्पताल उपदफा (१) बमोजिम स्थापना भएको मानिनेछ।

(३) अस्पतालको सञ्चालन तथा व्यवस्थापन तोकिए बमोजिम हुनेछ।

**१७. <u>अस्पताल व्यवस्थापन समिति</u>** : (१) अस्पताललाई सुचारु रुपले सञ्चालन गर्न, गराउनको लागि अस्पताल प्रतिष्ठान अन्तर्गत व्यवस्थापन समिति रहनेछ।

(२) अस्पताल व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–८

## <u>प्रतिष्ठानका पदाधिकारी, शिक्षक तथा कर्मचारी</u>

**१८. <u>कुलपति :</u>** (१) प्रधानमन्त्री प्रतिष्ठानको कुलपति हुनेछ।

(२) कुलपति प्रतिष्ठानको प्रमुख हुनेछ।

**१९. <u>सहकुलपति :</u>** (१) स्वास्थ्य तथा जनसंख्या मन्त्री वा राज्यमन्त्री प्रतिष्ठानको सहकुलपति हुनेछ।

(२) सहकुलपतिले प्रतिष्ठानको आवश्यकता अनुसार निरीक्षण गर्न र प्रतिष्ठानलाई निर्देशन दिन सक्नेछ।

**♣२०. <u>उपकुलपति</u>** : (१) उपकुलपति प्रतिष्ठानमा पूरा समय काम गर्ने प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको पदमा नियुक्तिको लागि सिफारिस गर्न कुलपतिबाट सहकुलपतिको अध्यक्षतामा सभाका अन्य दुईजना सदस्य रहेको एक समिति गठन हुनेछ र सो समितिको सिफारिसमा कुलपतिले उपकुलपति नियुक्ति गर्नेछ।

(३) उपकुलपतिको पदावधि चार वर्षको हुनेछ।

---

♣ स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३ द्वारा संशोधित।

(४) उपकुलपतिको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

♣२१. **शिक्षाध्यक्ष** : (१) प्रतिष्ठानको शैक्षिक तथा प्राज्ञिक कार्यको रेखदेखको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले शिक्षाध्यक्षको नियुक्ति गर्नेछ।

(२) शिक्षाध्यक्ष प्रतिष्ठानमा पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) शिक्षाध्यक्षको पदावधि चार वर्षको हुनेछ।

(४) शिक्षाध्यक्षको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

♣२२. **रजिष्ट्रार** : (१) प्रतिष्ठानको आर्थिक र कर्मचारी प्रशासन सम्बन्धी कामको रेखदेखको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले रजिष्ट्रारको नियुक्ति गर्नेछ।

(२) रजिष्ट्रार प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) रजिष्ट्रारको पदावधि चार वर्षको हुनेछ।

(४) रजिष्ट्रारको अन्य काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

♣२३. **डीन** : (१) प्रतिष्ठानको सङ्कायको प्रमुख भई काम गर्नको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधिबमोजिम सहकुलपतिले डीनको नियुक्ति गर्नेछ।

(२) डीन प्रतिष्ठानको पूरा समय काम गर्ने पदाधिकारी हुनेछ।

(३) डीनको पदावधि चार वर्षको हुनेछ।

(४) डीनको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

♣२४. **निर्देशक** : (१) अस्पतालको प्रशासकीय प्रमुखको रुपमा काम गर्नको लागि कार्यकारी परिषद्ले बनाएको कार्यविधि बमोजिम सहकुलपतिले निर्देशकको नियुक्ति गर्नेछ।

(२) निर्देशकको पदावधि चार वर्षको हुनेछ।

(३) निर्देशकको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाका अन्य सर्त तोकिएबमोजिम हुनेछ।

---

♣ स्वास्थ्य विज्ञान प्रतिष्ठान सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०८३ द्वारा संशोधित।



नेपाल कानून आयोग

२५. **अन्य पदाधिकारी** : (१) प्रतिष्ठानमा तोकिए बमोजिमका अन्य पदाधिकारीहरू रहन सक्नेछन्।

(२) उपदफा (१) बमोजिमका पदाधिकारीहरूको नियुक्ति काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा तथा सेवाको शर्त तोकिए बमोजिम हुनेछ।

२६. **पदबाट हटाउन सक्ने** : (१) उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको वा पद अनुरुपको आचरण नगरेको वा इमान्दारीपूर्वक आफ्नो कर्तव्य पालना नगरेको भनी सभामा तत्काल कायम रहेका एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा कुलपतिले सभाको कुनै सदस्यको अध्यक्षतामा अन्य एकजना सदस्य र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव रहेको तीन सदस्यीय एक छानबिन समिति गठन गर्नेछ।

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेको, इमान्दारीपूर्वक काम नगरेको वा आफ्नो कर्तव्य पालन नगरेको सिफारिस गरेमा र सो कुरा सभाको बैठकबाट पारित भएमा कुलपतिले त्यस्तो उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रारलाई निजको पदबाट हटाउनेछ।

(३) उपदफा (१) बमोजिम छानबिन समिति गठन भएपछि उपदफा (२) बमोजिम सभाबाट निर्णय नभएसम्म त्यस्तो पदाधिकारी आफ्नो पदबाट स्वतः निलम्बन हुनेछ।

(४) उपकुलपति, शिक्षाध्यक्ष वा रजिष्ट्रार बाहेक प्रतिष्ठानका अन्य पदाधिकारीलाई पदबाट हटाउने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(५) उपदफा (२) बमोजिम प्रतिष्ठानका पदाधिकारीलाई पदबाट हटाउने सिफारिस गर्नु अघि छानबिन समितिले निजउपर लागेको आरोपको सफाइ पेश गर्ने मौका दिनु पर्नेछ।

२७. **प्रतिष्ठानका शिक्षक तथा कर्मचारी** : (१) प्रतिष्ठानमा आवश्यक संख्यामा शिक्षक तथा कर्मचारीहरू रहनेछन्।

(२) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको नियुक्ति छनौट समितिको सिफारिसमा तोकिए बमोजिम हुनेछ।

(३) प्रतिष्ठानका शिक्षक तथा कर्मचारीको काम, कर्तव्य र अधिकार, पारिश्रमिक, सुविधा र सेवाका अन्य शर्त तोकिए बमोजिम हुनेछ।

## परिच्छेद–९

## प्रतिष्ठानको कोष, लेखा तथा लेखापरीक्षण

२८. **प्रतिष्ठानको कोष** : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:–

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) शैक्षिक शुल्क तथा सेवा शुल्कबाट प्राप्त रकम,

(ग) स्वदेशी वा विदेशी व्यक्ति, संघ, संस्था वा विदेशी सरकारबाट अनुदान वा ऋण स्वरुप प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिम प्रतिष्ठानले विदेशी व्यक्ति, संघ, संस्था वा सरकारबाट कुनै रकम प्राप्त गर्नु अघि नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

(४) प्रतिष्ठानको कोषको रकम कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गरिनेछ।

(५) प्रतिष्ठानको सबै खर्चहरू उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(६) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ।

२९. **लेखा र लेखापरीक्षण** : (१) प्रतिष्ठानको आय–व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ।

(२) प्रतिष्ठानको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद–१०

## विविध

३०. **सम्बन्धन दिन नसक्ने** : प्रतिष्ठानले कुनै शैक्षिक संस्थालाई सम्बन्धन दिन सक्ने छैन।

३१. **राष्ट्रिय शिक्षा तथा स्वास्थ्य नीति अनुरुप काम गर्नु पर्ने** : प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको राष्ट्रिय शिक्षा तथा स्वास्थ्य नीति अनुरुप काम गर्नु पर्नेछ।

३२. **आरक्षण सम्बन्धी व्यवस्था** : (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा स्नातकसम्मका विभिन्न तहमा विद्यार्थी भर्ना गर्दा पिछडिएको क्षेत्रमा स्थायी बसोवास गरी सो क्षेत्रका सामुदायिक विद्यालयबाट ⇒प्रवेशिका परीक्षा वा सो सरह उत्तीर्ण गरेका नेपाली विद्यार्थीलाई पैंतालीस प्रतिशत स्थानको लागि आरक्षणको व्यवस्था गर्नु पर्नेछ।

⇒ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा संशोधित।

(२) प्रतिष्ठानले पिछडिएको क्षेत्रमा स्थायी बसोबास गरी सो क्षेत्रका सामुदायिक विद्यालयबाट ⇒<u>प्रवेशिका परीक्षा वा सो सरह</u> उत्तीर्ण गरी सो क्षेत्रको उच्च माध्यमिक विद्यालय वा सो सरहको शैक्षिक संस्थाबाट उच्च शिक्षा प्राप्त गरेका नेपाली विद्यार्थीलाई स्नातकोत्तर तहमा भर्ना गर्न तोकिए बमोजिमको आरक्षणको व्यवस्था गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम आरक्षण गरिएका स्थानमा पिछडिएको क्षेत्रका महिला, दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएका वर्गका विद्यार्थीलाई प्रथमिकता दिइनेछ।

(४) उपदफा (१) बमोजिम आरक्षण गर्दा प्रतिस्पर्धाद्वारा विद्यार्थी छनौट गरिनेछ।

**३३. <u>विद्यार्थी भर्ना गर्दा प्राथमिकता दिनु पर्ने</u>** : (१) प्रतिष्ठानले विभिन्न तहका विद्यार्थी भर्ना गर्दा पिछडिएको क्षेत्रका स्वास्थ्य संस्थामा तोकिएको अवधिभर सेवा प्रदान गरेका व्यक्तिलाई प्राथमिकता दिनु पर्नेछ।

**३४. <u>छात्रवृत्ति उपलब्ध गराउनु पर्ने</u>** : (१) प्रतिष्ठानले प्रत्येक शैक्षिक सत्रमा भर्ना गर्ने कुल विद्यार्थी संख्याको कम्तीमा बीस प्रतिशत स्थानमा विपन्न विद्यार्थीलाई पूर्ण रुपमा छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

**<u>स्पष्टीकरण :</u>** यस दफाको प्रयोजनको लागि "विपन्न" भन्नाले सरकारी/सामुदायिक विद्यालयमा अध्ययन गरी प्रवेशिका ≥<u>वा सो सरह</u> उत्तीर्ण गरेका विद्यार्थीहरूमध्ये तोकिएको आधारमा सम्बन्धित <u>गाउँपालिका</u>/नगरपालिकाले विपन्न भनी सिफारिस गरेको विद्यार्थीलाई जनाउँछ।

(२) उपदफा (१) बमोजिम बीस प्रतिशतलाई शत् प्रतिशत मानी सोको पैंतालीस प्रतिशत स्थानमा महिला, दलित, आदिवासी/जनजाति, मधेशी तथा पिछडिएको क्षेत्रका विद्यार्थीलाई मात्र छात्रवृत्ति उपलब्ध गराइनेछ।

(३) प्रतिष्ठानले विपन्न विद्यार्थीलाई आंशिक रुपमा छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम छात्रवृत्ति उपलब्ध गराउने आधार तोकिए बमोजिम हुनेछ।

(५) कुनै निकाय वा संस्थाले कुनै विद्यार्थीलाई प्रतिष्ठानमा अध्ययनको लागि छात्रवृत्ति उपलब्ध गराउन सक्नेछ।

---

≥ नेपालको संविधान अनुकूल बनाउन केही नेपाल ऐनलाई संशोधन गर्ने ऐन, २०७५ द्वारा थप।

नेपाल कानून आयोग

३५. **तोकेको स्थानमा काम गर्नु पर्ने** : (१) यस ऐन बमोजिम आरक्षण वा छात्रवृत्तिमा अध्ययन गरेको विद्यार्थीले प्रतिष्ठानले तोकेको अवधिभर पिछडिएको क्षेत्रमा काम गर्नु पर्नेछ।

(२) कुनै निकाय वा संस्थाको छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले त्यस्तो छात्रवृत्ति पाए बापत कुनै ठाउँमा निश्चित अवधिसम्म काम गर्नु पर्ने गरी छात्रवृत्ति प्रदान गर्ने निकाय वा संस्थाले शर्त राखेको भए सोही शर्त बमोजिम र त्यसरी शर्त नराखेको भए उपदफा (१) बमोजिमको अवधिभर काम गर्नु पर्नेछ।

(३) दफा ३३ बमोजिम प्रतिष्ठानको प्राथमिकतामा भर्ना भएका विद्यार्थीले प्रतिष्ठानले तोकेको अवधिभर पिछडिएको क्षेत्रमा काम गर्नु पर्नेछ।

(४) दफा ३२ को उपदफा (१) र (२) बमोजिमको आरक्षण र दफा ३३ र ३४ बमोजिमको प्राथमिकता वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीले उपदफा (१), (२) वा (३) मा उल्लिखित पूरा अवधि काम गरेपछि मात्र प्रतिष्ठानले त्यस्तो विद्यार्थीलाई शैक्षिक योग्यताको स्थायी प्रमाणपत्र दिनेछ।

(५) प्रतिष्ठानले दफा ३२, ३३ र ३४ बमोजिमको आरक्षण, प्राथमिकता वा छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थी बाहेक प्रतिष्ठानमा अध्ययन गर्ने अन्य विद्यार्थीलाई अध्ययन पश्चात् पिछडिएको क्षेत्रको स्वास्थ्य संस्थामा काम गर्न प्रोत्साहित गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न सक्नेछ।

३६. **वार्षिक प्रतिवेदन** : (१) प्रतिष्ठानले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र आफूले वर्षभरिमा गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त प्रतिष्ठानले वर्षभरिमा गरेको कामको संक्षिप्त विवरण र प्रतिष्ठानको उपलब्धि लगायतका कुराहरू उल्लेख गर्नु पर्नेछ।

३७. **अधिकार प्रत्यायोजन** : (१) सभाले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा उपकुलपतिलाई प्रत्यायोजन गर्न सक्नेछ।

(२) प्राज्ञिक परिषद्, कार्यकारी परिषद् वा छनौट समितिले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार प्रतिष्ठानका कुनै पदाधिकारी वा मातहतका कुनै निकायलाई प्रत्यायोजन गर्न सक्नेछ।

३८. **काम कारबाही बदर नहुने** : प्रतिष्ठानको कुनै पदाधिकारी वा सदस्यको स्थान रिक्त भै वा प्रतिष्ठानको कुनै सङ्गठनको कुनै पदाधिकारी वा सदस्यको नियुक्ति वा मनोनयनमा त्रुटी भएको कारणले मात्र प्रतिष्ठानबाट भए गरेको काम कारबाही बदर हुने छैन।

३९. **निर्देशन दिन सक्ने** : प्रतिष्ठानको काम कारबाहीको सम्बन्धमा नेपाल सरकारले प्रतिष्ठानलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु प्रतिष्ठानको कर्तव्य हुनेछ।

४०. **नेपाल सरकारसँग सम्पर्क** : प्रतिष्ठानले नेपाल सरकारसँग सम्पर्क राख्दा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत राख्नु पर्नेछ।

४१. **शपथ लिनु पर्ने** : प्रतिष्ठानको पदाधिकारीको पदमा नियुक्त भएको व्यक्तिले आफ्नो पदको कार्यभार सम्हाल्नु अघि तोकिए बमोजिमको ढाँचामा शपथ लिनु पर्नेछ।

४२. **कर्मचारी प्रतिष्ठानमा रहन सक्ने** : (१) यो ऐन प्रारम्भ हुँदाका बखत कर्णाली अञ्चल अस्पताल, जुम्लामा कार्यरत नेपाल स्वास्थ्य सेवाका कर्मचारीहरूमध्ये प्रतिष्ठानमा काम गर्न चाहने कर्मचारीले यस ऐन अन्तर्गत बनेको कर्मचारी सेवा सम्बन्धी नियम प्रारम्भ भएको मितिले छ महिनाभित्र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा निवेदन दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने कर्मचारीलाई नेपाल सरकारले प्रतिष्ठानको कर्मचारीको रुपमा रहने स्वीकृति दिएमा त्यस्ता कर्मचारी प्रतिष्ठानको कर्मचारी मानिनेछ।

(३) उपदफा (२) बमोजिम प्रतिष्ठानमा रहने कर्मचारीले स्वास्थ्य सेवामा काम गरेको सेवा अवधि प्रतिष्ठानको सेवा अवधिमा गणना हुनेछ।

४३. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न प्रतिष्ठानले आवश्यक नियम बनाउन सक्नेछ।

तर नेपाल सरकारलाई थप आर्थिक व्ययभार पर्ने विषयमा नियम बनाउँदा नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ।

४४. **खारेजी र बचाउ** : (१) कर्णाली अञ्चल अस्पताल विकास समिति (गठन) आदेश, २०६८ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको गठन आदेश बमोजिमको विकास समितिमा कार्यरत शिक्षक तथा कर्मचारी प्रतिष्ठानको समान स्तर र तहको पदमा सरेको मानिनेछ।

(३) उपदफा (१) बमोजिमको आदेश बमोजिम भए गरेका सबै काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

(४) उपदफा (१) बमोजिमको आदेश बमोजिमको विकास समितिको नाममा रहेको चल, अचल सम्पत्ति, लेनदेन कारोबार, ऋण, धन लगायत सम्पूर्ण अधिकार तथा दायित्व प्रतिष्ठानमा सरेको मानिनेछ।

(५) यस ऐन बमोजिम अस्पताल व्यवस्थापन समिति गठन नभएसम्मको लागि उपदफा (१) बमोजिमको आदेश बमोजिम गठित समितिले यो अस्पताल व्यवस्थापन समितिको काम गर्नेछ।

नेपाल कानून आयोग